# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा भाद्र २० देखि २२ गतेसम्म फिलिपिन्सको राजधानी मनिलामा आयोजित एसिया तथा प्रशान्त क्षेत्रीय मुलुकका केन्द्रीय बैंकका गभर्नर तथा उच्च सरकारी अधिकारीहरूको उच्च स्तरीय नीतिगत सम्बाद (ESCAP High Level Policy Dialogue) कार्यक्रममा सहभागी हुनुभई आज स्वदेश फर्कनुभयो ।

कार्यक्रममा विश्व अर्थतन्त्रमा अन्तरनिहित जोखिम, बढ्दो मूल्यस्तर, वित्तीय प्रणालीको स्थायित्वका समस्या तथा ठूला २० राष्ट्रहरू (G-20) का एजेण्डा र त्यसले अन्य साना मुलुकमा पार्न सक्ने प्रभावहरू बारे छलफल भएको थियो । उक्त कार्यक्रममा एसियाका ठूला अर्थतन्त्रहरू, ऊर्जा निकासी गर्ने मुलुकहरू र अल्पविकसित तथा साना मुलुकहरूका विकासका चुनौती तथा अवसरहरू बारे विषयगत रुपमा छलफल भएको थियो ।

तीन दिने उक्त कार्यक्रममा विश्वका ठूला मुलुकहरूमा देखिएको उच्च सरकारी ऋणको समस्या र त्यसले विकासोन्मुख मुलुकहरूमा पार्न सक्ने प्रभावबारे कार्यपत्र प्रस्तुत गरिएका थिए । छलफलमा विश्वको असन्तुलित हुँदै गएको विकासको प्रवृत्ति प्रति सहभागीहरूले चिन्ता प्रकट गेरका थिए ।

सोही कार्यक्रम अन्तर्गतको मूल्य वृद्धि सम्बन्धी छलफलको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्नुभएको थियो । उक्त छलफलमा मूल्य वृद्धि केन्द्रीय बैंकको मौद्रिक नीतिको प्रभाव बाहिर जान थालेकोमा सहभागीहरुले चिन्ता व्यक्त गरेका थिए । छलफलमा माग र आपूर्तिबीचको असन्तुलन, वस्तुको दोस्रो बजार (derivatives market), व्यापारी र लगानीकर्ताहरूको वस्तु सञ्चय र मूल्य घटबढ गर्ने प्रवृत्ति रोक्ने पहलको कमी लगायतका कारण विश्वव्यापी वस्तु मूल्य (commodity prices) बढेको विषयमा गम्भीर बहस भएको थियो ।

त्यस्तै, ठूला अर्थतन्त्रहरूको विकास र स्थायित्व विषयमा आयोजित छलफलमा गभर्नर डा. खतिवडा स्रोत व्यक्ति (Panelist) को रुपमा सहभागी हुनुभयो । उक्त कार्यक्रममा बैंक नियमनको बासेल तेस्रो तहको मापदण्ड (Basel III) बाट विकासोन्मुख मुलुकहरूको वित्तीय प्रणालीमा पर्न सक्ने प्रभाव र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमा सुधार गर्नु पर्ने लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा भाग लिन गभर्नर डा. खतिवडा भदौ १९ गते मनिलातर्फ प्रस्थान गर्नुभएको थियो ।

मिति: २०६८ भदौ २३ गते शुक्रबार

गभर्नरको कार्यालय